नेपाल सरकार

अर्थ मन्त्रालय

महालेखा नियन्त्रक कार्यालय

# कोष तथा लेखा नियन्त्रक कार्यालय

दमौली तनहुँ

## पुनः सिलवन्दी वोलपत्र आह्वान सम्बन्धी सूचना
## प्रथम पटक प्रकाशित मिति २०७४।०७।२७

यस कार्यालयको आर्थिक वर्ष २०७४।७५ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलमा उल्लेखित निर्माण कार्य बोलपत्र आह्वानको माध्यमबाट गराउन मिति २०७४।०६।०९ को नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरिएकोमा सो समयमा कुनै पनि बोलपत्र दर्ता हुन नआउको हुँदा नेपाल सरकारबाट इजाजत पत्र प्राप्त योग्य इच्छुक नेपाली निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही पुनः सिलवन्दी वोलपत्र आह्वान गरिएको छ ।

१. बोलपत्र फारम तल उल्लेखित दस्तुर नगदै बुझाई (फिर्ता नहुने गरी) नगदी रसिद साथ ठेक्का इजाजत पत्र, आ.व.२०७३।७४ सम्मको करचुक्ता प्रमाण पत्र, मू.अ.कर दर्ता प्रमाण पत्रहरुको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपी संलग्न राखी निवेदन दिई यो सूचना प्रथम पटक प्रकाशित मितिले १५ औं दिनसम्म यस कार्यालय र जिल्ला प्रशासन कार्यालय तनहुँबाट कार्यालय समयभित्र खरिद गर्नुपर्ने छ साथै विद्युतीय बोलपत्रबाट खरिद तथा **दर्ता** गर्न चाहने निर्माण व्यवसायीहरुले www.bolpatra.gov.np/egp बाट खरिद तथा दर्ता गर्न सकिनेछ ।

२. खरिद भएको बोलपत्र प्रष्टसँग भरी बोलपत्रदाताले प्रत्येक पानामा सहीछाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना र कामको नाम प्रष्टसँग लेखि सूचना प्रथमपटक प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२:०० बजेभित्रमा यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ । कार्यालयबाट जुन फर्मको नाममा बोलपत्र खरिद गरिएको हो सोही फर्मको नामबाट मात्र सिलवन्दी बोलपत्र दर्ता गर्नुपर्नेछ । उल्लेखित समयभित्र प्राप्त सिलवन्दी बोलपत्र सोही दिन २:०० बजे बोलपत्रदाता स्वंय वा निजको प्रतिनिधि र कार्यालय प्रतिनिधिहरुको रोहवरमा यसै कार्यालयमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्नेछैन ।

३. बोलपत्रसाथ तपसिलमा रकम धरौटी वापत कोष तथा लेखा नियन्त्रक कार्यालय तनहुँको नेपाल बैंक लिमिटेड
दमौली शाखा स्थित को.ले.नि.का. धरौटी ०६००२०००००००३०००१७ खातामा जम्मा गरेको सक्कल दोश्रो प्रति भौचर वा नेपाल राष्ट्र बैंकबाट “क” वर्गको मान्यता प्राप्त बैंकबाट वा कुनै वाणिज्य बैंक बाट यस कार्यालयको नाममा जारी भएको जमानत वापत बैंक ग्यारेन्टी ( विडवन्ड) कम्तीमा १२० दिन म्यादभएको सक्कलै पेश गर्नुपर्नेछ ।

४. बोलपत्रमा दररेट उल्लेख गर्दा Bill of Quantity को प्रत्येक Item को अंक र अक्षर दुवैमा स्पष्ट उल्लेख गर्नुपर्नेछ तथा केरमेट भएको ठाउँमा सहीछाप भएको हुनुपर्नेछ । अंक र अक्षर वीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

५. म्याद नाघि आएको, रीत नपुगेको र शर्त राखिएको बोलपत्र उपर हुनै कारवाही गरिने छैन ।

६. दररेट भर्दा मू.अ.कर बाहेकको दररेट भर्नुपर्नेछ ।

७. बोलपत्र खरिद वा दर्ता गर्ने फर्महरुले निर्माण स्थल र कामको सम्बन्धमा राम्रोसँग बुझि बोलपत्र भरेको मानिनेछ । बोलपत्रदाताले चाहेमा निर्माण स्थल हेर्न सक्नुहुनेछ ।

८. बोलपत्र पेश गर्दा खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा क्रमशः कार्यालय खुलेको पहिलो दिनको सोही समय कायम हुनेछ ।

९. कुनै बोलपत्रदाताले आफूले पेश गरेको बोलपत्र फिर्ता लिन वा संशोधन गर्न चाहेमा बोलपत्र पेश गर्न तोकिएको अन्तिम समय समाप्त हुनुभन्दा चौबीसघण्टा अगावै सिलबन्दी निवेदन दिनु पर्नेछ ।

१०. यस सूचनामा उल्लेख नभएको बुँदाहरुको हकमा प्रचलित सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ ।

११. कुनै पनि कारण जनाई बोलपत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१२. बोलपत्र संशोधन भएमा कार्यालयको सूचना पाँटीमा टाँस गरिनेछ ।

१३. यस सम्वन्धमा अन्य थप कुराहरु बुझ्नुपरेमा कार्यालयको समयभित्र यस कार्यालयबाट बुझ्न सकिनेछ ।

१४. नक्कली कागजात पेश गरी वा मिलोमतो गरी बोलपत्रमा भाग लिएको पाईएमा त्यस्ता बोलपत्रदाताको बोलपत्र रद्द गरी कालो सूचीमा समावेश गर्न सम्बन्धित निकायमा सिफारिस गरिनेछ ।

१५. यो सुचना महालेखा नियन्त्रक कार्यालयको Website : www.fcgo.gov.np मा समेत उपलब्ध छ ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्र खरिद दस्तुर रु. | बोलपत्र खरिद गर्ने अन्तिम मिति | बोलपत्र दाखिला गर्ने अन्तिम मिति | लागत अनुमान रु. | बोलपत्रको जमानत रु. |
|---|---|---|---|---|---|---|---|
| १ | ०२/२०७४-०७५ | को.ले.नि.का. भवन तला थप निर्माण | ३,०००।- | मिति २०७४।०८।११ गते कार्यालय समयभित्र | मिति २०७४।०८।१२ समय १२:०० बजेभित्र | ५६,७१,९८६।९४ | १,७०,०००।- |

प्रमुख कोष नियन्त्रक